# जिल्ला समन्वय समिति महासंघ नेपाल
## गण्डकी प्रदेश समिति, पोखरा

प.सं.:-०८३/०८४
च.नं.:-

**शोक वक्तव्य**
२०८३/०५/११

चीनको तिब्बततर्फबाट अविरल वर्षा र हिमताल/पहिरोका कारण भोटेकोशी नदीमा अचानक आएको भिषण र विनाशकारी बाढीले रसुवा जिल्ला तथा तल्लो तटीय क्षेत्रहरू नुवाकोट र धादिङ्ग जिल्लाहरुमा पुऱ्याएको अकल्पनीय मानवीय तथा भौतिक क्षतिप्रति जिल्ला समन्वय समिति महासंघ, गण्डकी प्रदेश गम्भीर र स्तब्ध भएको छ ।

प्राकृतिक विपत्तिका कारण टिमुरे, स्याफ्रुबेंसी लगायतका क्षेत्रमा ज्यान गुमाउनुभएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । साथै, बाढीमा परी बेपत्ता हुनुभएका नागरिकहरूको शीघ्र खोजी तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

रसुवागढी भन्सार, अध्यागमन, बैङ्क तथा बित्तीय संस्था, विद्यालय तथा स्वास्थ्य संस्थाका भवनहरु, सडक, पूर्वाधार, पुल, जलविद्युत् आयोजना र स्थानीय बस्तीहरूमा भएको अरबौंको भौतिक क्षतिले समग्र देशको अर्थतन्त्र र जनजीवनमा ठूलो धक्का पुऱ्याएको छ । हाम्रै सहकर्मी मित्र जिल्ला समन्वय समिति महासंघका सदस्य तथा जिल्ला समन्वय समिति रसुवाका प्रमुख अशोक कुमार घिमिरे स्वयं यस अकल्पनीय विपद्‌वाट पिडित हुनु परेको छ।

यस कठिन घडीमा जिल्ला समन्वय समिति महासंघ, गण्डकी प्रदेशका तर्फबाट बाढीबाट प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्यलाई अझ तीव्र बनाउन, घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न तथा विस्थापित परिवारहरूलाई तत्काल गाँस, बास र कपासको उचित प्रबन्ध मिलाउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय प्रशासन समक्ष आग्रह गर्दछु।

गण्डकी प्रदेशका सम्पूर्ण जिल्ला समन्वय समितिहरू, स्थानीय तहहरू, सङ्घ-संस्था र आम नागरिकहरूलाई यस विपद्‌वाट पीडित दाजुभाइ तथा दिदीबहिनीहरूको सहयोगका लागि आ-आफ्नो ठाउँबाट ऐक्यबद्धता प्रकट गर्न हार्दिक आह्वान गर्दछु।

यस विषम परिस्थितिमा गण्डकी प्रदेशका सम्पूर्ण जनप्रतिनिधि तथा नागरिकहरू विपद् प्रभावित क्षेत्रका सम्पूर्ण वासिन्दाहरुको दुःखमा ऐक्यवद्धता रहेको पुनः प्रतिबद्धता व्यक्त गर्दछौं ।

विष्णुराम बि.क.)
प्रमुख, जिल्ला समन्वय समिति, पर्वत
तथा
अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ
गण्डकी प्रदेश, नेपाल